# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०७।२२ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

ईलाका प्रशासन कार्यालय, धरान सुनसरीमा कार्यरत नायव सुव्वा हर्कबहादुर राईले नागरिकताको प्रमाण-पत्रमा जन्म मिति सच्याई प्रतिलिपि नागरिकता बनाइदिने प्रयोजनका लागि सेवाग्राहीसँग विभिन्न बहानामा घुस रिसवत माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिइ गएको टोलीले, निजले घुस रकम बापतको रु. २०,०००/-(बीस हजार) लिई सोही कार्यालयमा कार्यरत ना.सु. युवराज पोखरेलको खल्तीमा राखिदिएको र निज युवराज पोखरेलले सो रकम तत् पश्चात कार्यालयकै अर्का ना.सु. मोहन सुवेदीलाई राख्न दिएको अवस्थामा उल्लिखित तीन जना राष्ट्रसेवकहरुलाई नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज ना.सु. हर्क बहादुर राईले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा निजलाई बिगो रु. २०,०००/-(बीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

साथै राष्ट्रसेवक ना.सु. युवराज पोखरेल र मोहन सुवेदीले घुस/रिसवत बापतको रकम ना.सु. हर्क बहादुर राईलाई उपलब्ध गराउने र आफुले समेत लिने उद्देश्यले लुकाई छिपाई राखी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांस बमोजिमको कसुर गरेको हुँदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) ले हुने सजायमा ऐ.ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांस बमोजिमको जरिवाना र कैदको सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता